## नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान
## प्रज्ञा-प्रतिष्ठान सेवा आयोग
**खुमलटार, ललितपुर।**
**(प्रकाशन : २०८१।०८।२८ गते)**

### कार्य क्षमता मूल्याङ्कनद्वारा हुने बढुवाका लागि दरखास्त फाराम आह्वान गरिएको सूचना

कार्य क्षमता मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने देहायका पदहरूका लागि यस प्रज्ञा प्रतिष्ठानमा कार्यरत कर्मचारीहरूमध्ये नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान कर्मचारी प्रशासन नियमावली, २०६४ (संशोधन सहित) को नियम ४१ बमोजिम एक श्रेणी माथिको पदमा बढुवाका लागि सम्भाव्य उम्मेदवारहरूले प्रज्ञा-प्रतिष्ठान सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण स्पष्टसँग भरी प्रज्ञा-प्रतिष्ठान सेवा आयोगको कार्यालय खुमलटार, ललितपुरमा प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र (मिति २०८१/०९/२७ सम्म) रीतपूर्वक बढुवाको दरखास्त फाराम बुझाउनुहुन यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी प्राप्त हुन आएको दरखास्त उपर कुनै कारबाही गरिनेछैन।

**कार्य क्षमता मूल्याङ्कनद्वारा हुने बढुवाको विवरण**

| बढुवा सूचना नं. | पद | श्रेणी | सेवा | समूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १/२०८१/०८२ | विशिष्ट वैज्ञानिक/प्राविधिक अधिकृत | विशिष्ट | विज्ञान तथा प्रविधि | – | ३ |
| २/२०८१/०८२ | विशिष्ट प्रशासकीय अधिकृत | विशिष्ट | प्रशासन तथा प्रवर्द्धन | – | १ |
| ३/२०८१/०८२ | मुख्य वैज्ञानिक अधिकृत | प्रथम | विज्ञान तथा प्रविधि | विज्ञान | १ |
| ४/२०८१/०८२ | मुख्य प्राविधिक अधिकृत | प्रथम | विज्ञान तथा प्रविधि | प्रविधि | १ |
| ५/२०८१/०८२ | मुख्य प्रशासकीय अधिकृत | प्रथम | प्रशासन तथा प्रवर्द्धन | प्रशासनिक | ३ |
| ६/२०८१/०८२ | वरिष्ठ वैज्ञानिक अधिकृत | द्वितीय | विज्ञान तथा प्रविधि | विज्ञान | ८ |
| ७/२०८१/०८२ | वरिष्ठ प्राविधिक अधिकृत | द्वितीय | विज्ञान तथा प्रविधि | प्रविधि | ५ |
| ८/२०८१/०८२ | वरिष्ठ प्रवर्द्धन अधिकृत | द्वितीय | प्रशासन तथा प्रवर्द्धन | प्रवर्द्धन | ३ |
| ९/२०८१/०८२ | वैज्ञानिक अधिकृत | तृतीय | विज्ञान तथा प्रविधि | विज्ञान | १ |
| १०/२०८१/०८२ | प्राविधिक अधिकृत | तृतीय | विज्ञान तथा प्रविधि | प्रविधि | १ |
| ११/२०८१/०८२ | प्रशासकीय अधिकृत | तृतीय | प्रशासन तथा प्रवर्द्धन | प्रशासनिक | २ |
| १२/२०८१/०८२ | मुख्य प्राविधिक सहायक | प्रथम | विज्ञान तथा प्रविधि | प्रविधि | १ |

**द्रष्टव्य :-**

१. कार्य क्षमता मूल्याङ्कनद्वारा हुने बढुवाका लागि कार्य क्षमता मूल्याङ्कनको गणना असार मसान्तको हिसाबले गरिनेछ। अन्य अङ्क गणना गर्दा बढुवाको दरखास्त दिने अन्तिम मितिसम्म हासिल गरेको अङ्क गणना गरिनेछ।

२. विज्ञान तथा प्रविधि सेवातर्फ अधिकृत स्तर प्रथम श्रेणी र द्वितीय श्रेणीको कार्य क्षमता मूल्याङ्कनद्वारा हुने बढुवामा सहभागी हुने उम्मेदवारहरूले अनुसन्धान तथा कृति मूल्याङ्कनका लागि आवेदन फारामसाथ तोकिएका अनुसन्धान कृतिहरू पेस गर्नुपर्नेछ। साथै, **अनुसन्धान कृति मूल्याङ्कन गर्दा कर्मचारीको कार्य क्षमताको मूल्याङ्कन र खुला प्रतियोगिताको अङ्कको आधार र मापदण्ड सम्बन्धी कार्यविधि, २०८०** बमोजिम हुनेछ।

३. दरखास्त फाराम नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान, सेवा आयोगको कार्यालय खुमलटार, ललितपुरमा बुझाउनुपर्नेछ। दरखास्त फाराममा विज्ञापन नम्बर, सेवा, समूह, उपसमूह, श्रेणी, पद र उम्मेदवारको नाम, थर लेखी स्वयंद्वारा प्रमाणित गरी तोकिएका प्रमाणपत्रका प्रतिलिपिहरू समावेश गरी बुझाउनुपर्नेछ।

४. सम्बन्धित पदमा बढुवा फाराम भर्नका लागि नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान, कर्मचारी प्रशासन नियमावली, २०६४ - छैटौं संशोधन, २०७८ सहित) को नियम ४१ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ।

५. सेवा प्रवेशको सुरु स्थायी नियुक्तिदेखि हाल सम्मका सम्पूर्ण कागजातहरू, शैक्षिक योग्यता र सेवाकालीन तालिमका प्रमाणपत्रहरू स्वयंद्वारा प्रतिलिपि प्रमाणित गरी दरखास्त फारामका साथ संलग्न गर्नुपर्नेछ। उल्लिखित कागजात संलग्न नभएको वा अन्य कुनै कारणले रीत नपुगेका र म्याद नाघी आएका बढुवा दरखास्त फाराम उपर कुनै कारबाही हुनेछैन।

६. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नुपर्नेछ।

७. दरखास्त फाराम दस्तुर अधिकृत स्तर विशिष्ट श्रेणीका लागि रु. ३,०००/–, अधिकृत स्तर प्रथम श्रेणीका लागि रु. २,५००/–, अधिकृत स्तर द्वितीय श्रेणीका लागि रु. २,०००/–, अधिकृत स्तर तृतीय श्रेणीका लागि रु. १,२००/– र सहायक स्तर प्रथम श्रेणीका लागि रु. ७००/– बुझाउनुपर्नेछ।

८. तोकिएको दरखास्त दस्तुर नेपाल बैंक लिमिटेडमा रहेको नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानको कार्यालय कोड नं. **३५०६१३४०१** को राजस्व सङ्केत नम्बर **१४२२४** मा जम्मा गरी सोको सक्कल भौचर सहित दरखास्त फारामसाथ पेस गर्नुपर्नेछ।

९. यो सूचना र दरखास्त फाराम नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानको वेबसाइट **www.nast.gov.np** बाट डाउनलोड गर्न सकिनेछ।

१०. दरखास्त फाराम मिति बुझाउने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोपछि कार्यालय खुलेको पहिलो दिनसम्म बुझाउन सकिनेछ।

११. यो सूचनामा उल्लेख नभएका विषयहरू प्रचलित कानुन बमोजिम हुनेछ।

**सदस्य-सचिव**
**प्रज्ञा-प्रतिष्ठान सेवा आयोग**

## नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान
## प्रज्ञा-प्रतिष्ठान सेवा आयोग
**खुमलटार, ललितपुर।**
**(प्रकाशन : २०८१।०८।२८ गते)**

### खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाको दरखास्त फाराम आह्वान गरिएको सूचना

लोक सेवा आयोगबाट सहमति प्राप्त भए बमोजिम यस नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानको देहाय बमोजिमका पदहरूमा खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकाले नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान, कर्मचारी प्रशासन नियमावली, २०६४ (संशोधन सहित) मा तोकिएको योग्यता र सेवा अवधि पुगेका सम्भाव्य उम्मेदवारहरूबाट मिति २०८१/०९/१८ सम्म नियमित शुल्कमा र दोब्बर दस्तुर तिरी मिति २०८१/०९/२५ गतेसम्म प्रज्ञा-प्रतिष्ठानको वेबसाइट **www.nast.gov.np** मा गई **Online Job Application** मार्फत दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा हुने पदपूर्तिको पद र सङ्ख्या**

| विज्ञापन नं. | पद | श्रेणी | सेवा | समूह | किसिम | पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १३/२०८१/०८२ | मुख्य प्रशासकीय अधिकृत | प्रथम | प्रशासन तथा प्रवर्द्धन | प्रशासनिक | आ.प्र. | १ |
| १४/२०८१/०८२ | वरिष्ठ वैज्ञानिक अधिकृत | द्वितीय | विज्ञान तथा प्रविधि | विज्ञान | आ.प्र. | २ |
| १५/२०८१/०८२ | वरिष्ठ वैज्ञानिक अधिकृत (Zoology/Human Genetics) | द्वितीय | विज्ञान तथा प्रविधि | विज्ञान | खुला | १ |
| १६/२०८१/०८२ | वरिष्ठ वैज्ञानिक अधिकृत (Pharmaceutical Science /Biochemistry) | द्वितीय | विज्ञान तथा प्रविधि | विज्ञान | खुला | १ |
| १७/२०८१/०८२ | वरिष्ठ वैज्ञानिक अधिकृत (Cell Biology/Biomedical Sciences) | द्वितीय | विज्ञान तथा प्रविधि | विज्ञान | खुला | १ |
| १८/२०८१/०८२ | वरिष्ठ वैज्ञानिक अधिकृत (Environmental Science/Forest Ecology/ Botany) | द्वितीय | विज्ञान तथा प्रविधि | विज्ञान | खुला | १ |
| १९/२०८१/०८२ | वरिष्ठ वैज्ञानिक अधिकृत (Chemistry/Natural Product Chemistry/ Analytical Chemistry/Inorganic Chemistry) | द्वितीय | विज्ञान तथा प्रविधि | विज्ञान | खुला | १ |
| २०/२०८१/०८२ | वरिष्ठ वैज्ञानिक अधिकृत (Physical Sciences/Physics/Materials Sciences/Materials Engineering/ Nanotechnology) | द्वितीय | विज्ञान तथा प्रविधि | विज्ञान | खुला | १ |
| २१/२०८१/०८२ | वरिष्ठ वैज्ञानिक अधिकृत Agricultural Sciences (Agronomy/ Horticulture) | द्वितीय | विज्ञान तथा प्रविधि | विज्ञान | खुला | १ |
| २२/२०८१/०८२ | वरिष्ठ वैज्ञानिक अधिकृत (Earth Science/ Seismology) | तृतीय | विज्ञान तथा प्रविधि | विज्ञान | खुला | १ |
| २३/२०८१/०८२ | वरिष्ठ वैज्ञानिक अधिकृत (Natural Resources/ Climate Change) | द्वितीय | विज्ञान तथा प्रविधि | विज्ञान | खुला | १ |
| २४/२०८१/०८२ | वरिष्ठ वैज्ञानिक अधिकृत (Nuclear Chemistry/ Nuclear Physics) | द्वितीय | विज्ञान तथा प्रविधि | विज्ञान | खुला | १ |
| २५/२०८१/०८२ | वरिष्ठ प्राविधिक अधिकृत | द्वितीय | विज्ञान तथा प्रविधि | प्रविधि | आ.प्र. | १ |
| २६/२०८१/०८२ | वरिष्ठ प्राविधिक अधिकृत (Chemical Engineering/Polymer Engineering/ Textile Engineering) | द्वितीय | विज्ञान तथा प्रविधि | प्रविधि | खुला | १ |
| २७/२०८१/०८२ | वरिष्ठ प्राविधिक अधिकृत (Space Science/ Astrophysics/Space Engineering) | द्वितीय | विज्ञान तथा प्रविधि | प्रविधि | खुला | १ |
| २८/२०८१/०८२ | वरिष्ठ प्राविधिक अधिकृत (Geoengineering/ Geochemical Engineering) | द्वितीय | विज्ञान तथा प्रविधि | प्रविधि | खुला | १ |
| २९/२०८१/०८२ | वरिष्ठ प्राविधिक अधिकृत (Civil Engineering/ Urban Planning) | द्वितीय | विज्ञान तथा प्रविधि | प्रविधि | खुला | १ |
| ३०/२०८१/०८२ | वरिष्ठ प्राविधिक अधिकृत (Material Science/Material Engineering/ Nanotechnology) | द्वितीय | विज्ञान तथा प्रविधि | प्रविधि | खुला | १ |
| ३१/२०८१/०८२ | वरिष्ठ प्राविधिक अधिकृत (ICT/ IT/IOT) | द्वितीय | विज्ञान तथा प्रविधि | प्रविधि | खुला | १ |
| ३२/२०८१/०८२ | वरिष्ठ प्राविधिक अधिकृत (Food Technology) | द्वितीय | विज्ञान तथा प्रविधि | प्रविधि | खुला | १ |
| ३३/२०८१/०८२ | वरिष्ठ प्रवर्द्धन अधिकृत (Science/ Mass Communication) | द्वितीय | विज्ञान तथा प्रवर्द्धन | प्रवर्द्धन | खुला | १ |
| ३४/२०८१/०८२ | वरिष्ठ प्रवर्द्धन अधिकृत | द्वितीय | विज्ञान तथा प्रवर्द्धन | प्रवर्द्धन | आ.प्र. | १ |
| ३५/२०८१/०८२ | वैज्ञानिक अधिकृत (Chemistry/Analytical Chemistry) | तृतीय | विज्ञान तथा प्रविधि | विज्ञान | खुला | १ |
| ३६/२०८१/०८२ | वैज्ञानिक अधिकृत (Biotechnology/Biochemistry/ Microbiology) | तृतीय | विज्ञान तथा प्रविधि | विज्ञान | खुला | १ |
| ३७/२०८१/०८२ | प्राविधिक अधिकृत (Biomedical Engineering) | तृतीय | विज्ञान तथा प्रविधि | प्रविधि | खुला | १ |
| ३८/२०८१/०८२ | प्राविधिक अधिकृत (Automobile Engineering) | तृतीय | विज्ञान तथा प्रविधि | प्रविधि | खुला | १ |
| ३९/२०८१/०८२ | प्रशासकीय अधिकृत | तृतीय | प्रशासन तथा प्रवर्द्धन | प्रशासनिक | खुला | २ |
| ४०/२०८१/०८२ | प्रशासकीय अधिकृत | तृतीय | प्रशासन तथा प्रवर्द्धन | प्रशासनिक | मधेशी | १ |
| ४१/२०८१/०८२ | मुख्य प्रयोगशाला सहायक | प्रथम | विज्ञान तथा प्रविधि | विज्ञान | आ.प्र. | १ |
| ४२/२०८१/०८२ | मुख्य प्रयोगशाला सहायक (Chemistry) | प्रथम | विज्ञान तथा प्रविधि | विज्ञान | खुला | १ |
| ४३/२०८१/०८२ | मुख्य प्राविधिक सहायक | प्रथम | विज्ञान तथा प्रविधि | प्रविधि | आ.प्र. | १ |
| ४४/२०८१/०८२ | मुख्य प्राविधिक सहायक (Electrical/ Electronics) | प्रथम | विज्ञान तथा प्रविधि | प्रविधि | खुला | १ |
| ४५/२०८१/०८२ | मुख्य प्राविधिक सहायक (Mechanical Engineering) | प्रथम | विज्ञान तथा प्रविधि | प्रविधि | महिला | १ |
| ४६/२०८१/०८२ | मुख्य प्रशासकीय सहायक | प्रथम | प्रशासन तथा प्रवर्द्धन | प्रशासनिक | आ.प्र. | १ |
| ४७/२०८१/०८२ | मुख्य प्रशासकीय सहायक | प्रथम | प्रशासन तथा प्रवर्द्धन | प्रशासनिक | खुला | १ |
| ४८/२०८१/०८२ | मुख्य लेखा सहायक | प्रथम | प्रशासन तथा प्रवर्द्धन | लेखा | खुला | २ |
| ४९/२०८१/०८२ | मुख्य लेखा सहायक | प्रथम | प्रशासन तथा प्रवर्द्धन | लेखा | महिला | १ |
| ५०/२०८१/०८२ | वरिष्ठ प्रयोगशाला सहायक | द्वितीय | विज्ञान तथा प्रविधि | विज्ञान | खुला | १ |
| ५१/२०८१/०८२ | वरिष्ठ प्रयोगशाला सहायक | द्वितीय | विज्ञान तथा प्रविधि | विज्ञान | आ.ज. | १ |
| ५२/२०८१/०८२ | वरिष्ठ प्रशासकीय सहायक | द्वितीय | प्रशासन तथा प्रवर्द्धन | प्रशासनिक | खुला | १ |

**द्रष्टव्य :**

१. **विज्ञापन सम्बन्धी विशेष सूचना :**
सम्मानित सर्वोच्च अदालतबाट रिट नं. ०७८-WO-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा भएको परमादेशको आदेश बमोजिम कानुनी व्यवस्था भए पश्चात् सोही अनुसार पदपूर्ति गरिनेछ।

२. **परीक्षाको किसिम** : लिखित, प्रयोगात्मक र अन्तर्वार्ता (लिखित परीक्षाको माध्यम भाषा र किसिम सम्बन्धित पाठ्यक्रममा तोकिए बमोजिम हुनेछ। लिखित परीक्षाको पाठ्यक्रमहरू https://nast.gov.np/curriculum बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

२. **परीक्षा केन्द्र** : काठमाडौँ उपत्यकामा रहनेछ। सबै पदहरूको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ। लिखित परीक्षाको कार्यक्रम लोक सेवा आयोगबाट समय निर्धारण भए पश्चात् लोक सेवा आयोग र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानको वेबसाइटमा प्रकाशन गरिनेछ।

३. **दरखास्त दस्तुर** :

- अधिकृत स्तर प्रथम श्रेणीका लागि रु. २,५००/–, अधिकृत स्तर द्वितीय श्रेणीका लागि रु. २,०००/–, अधिकृत स्तर तृतीय श्रेणीका लागि रु. १,२००/–, र समावेशी समूहमा उम्मेदवारी दिँदा थप प्रति समावेशी समूहका लागि अधिकृत स्तर प्रथम श्रेणीका लागि रु. ६००/–, द्वितीय श्रेणीका लागि रु. ५००/– र तृतीय श्रेणीका लागि रु. ४,००/– थप दस्तुर बुझाउनुपर्नेछ। यसैगरी, सहायक स्तर प्रथम श्रेणीका लागि रु. ७००/– र सहायक स्तर द्वितीय श्रेणीका लागि रु. ५००/– र समावेशी समूहमा उम्मेदवारी दिँदा थप प्रति समावेशी समूहका लागि प्रथम श्रेणीका लागि रु. २००/– र द्वितीय श्रेणीका लागि रु. १५०/– थप दस्तुर बुझाउनुपर्नेछ। दोब्बर दस्तुर बुझाउने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्टसम्म दोब्बर दस्तुर बुझाएको भौचर मान्य हुनेछ।
- तोकिएको दरखास्त दस्तुर नेपाल बैंक लिमिटेडमा रहेको नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानको कार्यालय कोड नं. **३५०६१३४०१** को राजस्व सङ्केत नम्बर **१४२२४** मा जम्मा गरी सोको सक्कल भौचरको Scan copy स्पष्ट बुझिने गरी अनलाइन दरखास्त फारामसाथ पेस गर्नुपर्नेछ।
- रीत नपुगेको कारणले अस्वीकृत हुने आवेदकहरूको परीक्षा दस्तुर फिर्ता हुनेछैन।

४. **दरखास्त पेस गर्ने तरिका** : सम्पूर्ण विज्ञापनहरूको दरखास्त विद्युतीय माध्यममा तोकिएको कागजातहरूको Scan copy स्पष्ट बुझिने गरी **https://jobs.nast.gov.np/** (यहाँ अनलाइन फाराम भर्ने तरिका उपलब्ध छ।) बाट पेस गर्नुपर्नेछ।

५. **दरखास्त दिने अन्तिम मिति** : मिति २०८१/०९/१८ सम्म नियमित शुल्कमा र दोब्बर दस्तुर तिरी २०८१/०९/२५ गतेसम्म।

६. **उम्मेदवारको उमेरको हद** : विज्ञान तथा प्रविधि सेवातर्फ अधिकृत स्तर प्रथम र द्वितीय श्रेणी खुलाको हकमा २१ वर्ष पूरा भई ४८ वर्ष ननाघेको हुनुपर्नेछ। प्रशासन तथा प्रवर्द्धन सेवातर्फ अधिकृत स्तर प्रथम र द्वितीय श्रेणी खुलाको हकमा २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ। अधिकृत स्तर तृतीय श्रेणीका सबै सेवा/समूह तर्फका पदहरूको हकमा २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ। अन्य श्रेणी र तहका पदहरूको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ। प्रज्ञा-प्रतिष्ठानका बहालवाला स्थायी कर्मचारीहरूका हकमा उमेरको हद लाग्नेछैन। साथै, एक्काइस दिनको (२०८१/०९/१८) म्यादपछि प्राप्त हुने शैक्षिक योग्यता, समावेशीको प्रमाणपत्र, परिषद् दर्ता प्रमाणपत्र, तालिम, अनुभव र सेवा अवधि मान्य हुनेछैन।

७. **पदमा रही गर्नुपर्ने कामको विवरण** : नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानको कर्मचारी प्रशासन नियमावली, २०६४ मा उल्लेख भए बमोजिम हुनेछ।

८. **तलब भत्ता तथा अन्य सुविधा** : नियमानुसार प्रचलित कानुन बमोजिम हुनेछ।

९. **आवश्यक न्यूनतम शैक्षिक योग्यता :**

क. **वरिष्ठ वैज्ञानिक अधिकृत (Zoology /Human Genetics) (अधिकृत स्तर द्वितीय श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Zoology वा Human Genetics वा सो सरह विषयमा विद्यावारिधि उपाधि प्राप्त गरी कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको अधिकृत स्तरको पदमा कम्तीमा ५ (पाँच) वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ। साथै, राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तीमा ३ वटा अनुसन्धानात्मक कृति प्रकाशन गरेको हुनुपर्नेछ।

ख. **वरिष्ठ वैज्ञानिक अधिकृत (Pharmaceutical science/Biochemistry) (अधिकृत स्तर द्वितीय श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Pharmaceutical वा science Biochemistry वा सो सरह विषयमा विद्यावारिधि उपाधि प्राप्त गरी कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको अधिकृत स्तरको पदमा कम्तीमा ५ (पाँच) वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ। साथै, राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तीमा ३ वटा अनुसन्धानात्मक कृति प्रकाशन गरेको हुनुपर्नेछ।

ग. **वरिष्ठ वैज्ञानिक अधिकृत (Cell Biology/Biomedical Sciences) (अधिकृत स्तर द्वितीय श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Cell Biology वा Biomedical Sciences वा सो सरह विषयमा विद्यावारिधि उपाधि प्राप्त गरी कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको अधिकृत स्तरको पदमा कम्तीमा ५ (पाँच) वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ। साथै, राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तीमा ३ वटा अनुसन्धानात्मक कृति प्रकाशन गरेको हुनुपर्नेछ।

घ. **वरिष्ठ वैज्ञानिक अधिकृत (Environmental Science/Forest Ecology/Botany) (अधिकृत स्तर द्वितीय श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Environmental Science वा Forest Ecology वा Botany वा सो सरह विषयमा विद्यावारिधि उपाधि प्राप्त गरी कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको अधिकृत स्तरको पदमा कम्तीमा ५ (पाँच) वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ। साथै, राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तीमा ३ वटा अनुसन्धानात्मक कृति प्रकाशन गरेको हुनुपर्नेछ।

ङ. **वरिष्ठ वैज्ञानिक अधिकृत (Chemistry/Natural Product Chemistry/Analytical Chemistry/Inorganic Chemistry) (अधिकृत स्तर द्वितीय श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Chemistry वा Natural Product Chemistry वा Analytical Chemistry वा Inorganic Chemistry वा सो सरह विषयमा विद्यावारिधि उपाधि प्राप्त गरी कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको अधिकृत स्तरको पदमा कम्तीमा ५ (पाँच) वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ। साथै, राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तीमा ३ वटा अनुसन्धानात्मक कृति प्रकाशन गरेको हुनुपर्नेछ।

च. **वरिष्ठ वैज्ञानिक अधिकृत (Physical Sciences/Physics/Materials Sciences/Materials Engineering/ Nanotechnology) (अधिकृत स्तर द्वितीय श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Physical Sciences वा Physics वा Materials Sciences वा Materials Engineering वा Nanotechnology वा सो सरह विषयमा विद्यावारिधि उपाधि प्राप्त गरी कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको अधिकृत स्तरको पदमा कम्तीमा ५ (पाँच) वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ। साथै, राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तीमा ३ वटा अनुसन्धानात्मक कृति प्रकाशन गरेको हुनुपर्नेछ।

छ. **वरिष्ठ वैज्ञानिक अधिकृत (Agricultural Sciences: Agronomy/Horticulture) (अधिकृत स्तर द्वितीय श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Agronomy वा Horticulture वा सो सरह विषयमा विद्यावारिधि उपाधि प्राप्त गरी कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको अधिकृत स्तरको पदमा कम्तीमा ५ (पाँच) वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ। साथै, राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तीमा ३ वटा अनुसन्धानात्मक कृति प्रकाशन गरेको हुनुपर्नेछ।

ज. **वरिष्ठ वैज्ञानिक अधिकृत (Earth Science/Seismology) (अधिकृत स्तर द्वितीय श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Earth Science वा Seismology वा सो सरह विषयमा विद्यावारिधि उपाधि प्राप्त गरी कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको अधिकृत स्तरको पदमा कम्तीमा ५ (पाँच) वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ। साथै, राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तीमा ३ वटा अनुसन्धानात्मक कृति प्रकाशन गरेको हुनुपर्नेछ।

झ. **वरिष्ठ वैज्ञानिक अधिकृत (Natural Resources/Climate Change) (अधिकृत स्तर द्वितीय श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Natural Resources वा Climate Change वा सो सरह विषयमा विद्यावारिधि उपाधि प्राप्त गरी कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको अधिकृत स्तरको पदमा कम्तीमा ५ (पाँच) वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ। साथै, राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तीमा ३ वटा अनुसन्धानात्मक कृति प्रकाशन गरेको हुनुपर्नेछ।

ञ. **वरिष्ठ वैज्ञानिक अधिकृत (Nuclear Chemistry/Natural Physics) (अधिकृत स्तर द्वितीय श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Nuclear Chemistry वा Natural Physics विषयमा विद्यावारिधि उपाधि प्राप्त गरी कुनै सरकारी सेवा वा प्रचलित कानुनबमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाको अधिकृत स्तरको पदमा कम्तीमा ५ (पाँच) वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ। साथै, राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तीमा ३ ओटा अनुसन्धानात्मक कृति प्रकाशन गरेको हुनुपर्नेछ।

ट. **वरिष्ठ प्राविधिक अधिकृत (Chemical Engineering/Polymer Engineering/Textile Engineering) (अधिकृत स्तर द्वितीय श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Chemical Engineering वा Polymer Engineering वा Textile Engineering वा सो सरह विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी कुनै सरकारी सेवा वा प्रचलित कानुनबमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको अधिकृत स्तरको पदमा कम्तीमा ५ (पाँच) वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ। तर विद्यावारिधि उपाधि हासिल गरेका उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि बाधा पर्नेछैन। साथै, राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तीमा ३ वटा अनुसन्धानात्मक कृति प्रकाशन गरेको हुनुपर्नेछ।

ठ. **वरिष्ठ प्राविधिक अधिकृत (Space Science/Astrophysics/Space Engineering) (अधिकृत स्तर द्वितीय श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Space Science वा Astrophysics वा Space Engineering वा सो सरह विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको अधिकृत स्तरको पदमा कम्तीमा ५ (पाँच) वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ। तर विद्यावारिधि उपाधि हासिल गरेका उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि बाधा पर्ने छैन। साथै, राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तीमा ३ वटा अनुसन्धानात्मक कृति प्रकाशन गरेको हुनुपर्नेछ।

ड. **वरिष्ठ प्राविधिक अधिकृत (Geoengineering/Geochemical Engineering) (अधिकृत स्तर द्वितीय श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Geoengineering वा Geochemical Engineering वा सो सरह विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको अधिकृत स्तरको पदमा कम्तीमा ५ (पाँच) वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ। तर विद्यावारिधि उपाधि हासिल गरेका उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि बाधा पर्नेछैन,, साथै, राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तीमा ३ वटा अनुसन्धानात्मक कृति प्रकाशन गरेको हुनुपर्नेछ।

ढ. **वरिष्ठ प्राविधिक अधिकृत (Civil Engineering/Urban Planning) (अधिकृत स्तर द्वितीय श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Civil Engineering वा Urban Planning वा सो सरह विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको अधिकृत स्तरको पदमा कम्तीमा ५ (पाँच) वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ। तर विद्यावारिधि उपाधि हासिल गरेका उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि बाधा पर्नेछैन। साथै, राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तीमा ३ वटा अनुसन्धानात्मक कृति प्रकाशन गरेको हुनुपर्नेछ।

ण. **वरिष्ठ प्राविधिक अधिकृत (Material Science/Material Engineering/Nanotechnology) (अधिकृत स्तर द्वितीय श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Material Science वा Material Engineering वा Nanotechnology वा सो सरह विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको अधिकृत स्तरको पदमा कम्तीमा ५ (पाँच) वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ। तर विद्यावारिधि उपाधि हासिल गरेका उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि बाधा पर्नेछैन। साथै, राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तीमा ३ वटा अनुसन्धानात्मक कृति प्रकाशन गरेको हुनुपर्नेछ।

त. **वरिष्ठ प्राविधिक अधिकृत (ICT/ IT/IOT) (अधिकृत स्तर द्वितीय श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Information and Communication Technology वा Information Technology वा Internet of Things वा सो सरह विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको अधिकृत स्तरको पदमा कम्तीमा ५ (पाँच) वर्षको अनुभव प्राप्त गरेका हुनुपर्नेछ। तर विद्यावारिधि उपाधि हासिल गरेका उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि बाधा

बाँकी पृष्ठ १३ मा

## क्रियाशील पत्रकार समाज गठन

**दोलखा समाचारदाता**
*दोलखा, मङ्सिर २७ गते*

शुद्धीकरणका कारण असन्तुष्ट बनेका करिब एक दर्जन स्थानीय सञ्चारमाध्यमका सम्पादक र पत्रकारले क्रियाशील पत्रकार समाज, दोलखा गठन गरेका छन् ।

नेपाल पत्रकार महासङ्घ जिल्ला शाखा दोलखाको नेतृत्व सर्वसम्मत रूपमा चयन भएकै दिन उनीहरूले क्रियाशील पत्रकार समाज गठन गरेका बताइएको छ ।

समाजमा आवाज अनलाइनका सम्पादक शम्भु गौतम सल्लाहकार रहनुभएको छ भने कालिञ्चोक सन्देश साप्ताहिकका सम्पादक दीपक बस्नेतले समाजको संयोजन गर्नुभएको छ ।

समाजका सदस्यमा साझा अर्थका सम्पादक नवराज शिवाकोटी, समदृष्टि अनलाइनकी सम्पादक विनीता शिवाकोटी, जागरण टाइम्सका सम्पादक बलराम शिवाकोटी, फ्रेन्डसिप खबरका सम्पादक राजकुमार दाहाल, नेपाल टेलिभिजनका दोलखा संवाददाता मन्दिरा थापा, आवाज अनलाइनका राजनबहादुर शिवाकोटी र जागरण टाइम्सका प्रधान सम्पादक डम्बरप्रसाद चौलागाईं हुनुहुन्छ ।

क्रियाशील पत्रकार समाज गठन गर्दै उनीहरूले हालै नेपाल पत्रकार महासङ्घले सदस्यता शुद्धीकरणका नाममा बर्सौंदेखि क्रियाशील रहेका पत्रकारलाई आफैँले बनाएको मापदण्डको धज्जी उडाउँदै सदस्यताबाट वञ्चित गरिएको भन्दै आफूहरूको गम्भीर ध्यानाकर्षण भएको कालिञ्चोक सन्देश साप्ताहिकका सम्पादक बस्नेतले गुनासो गर्नुभयो ।

## पालिका भवन निर्माण हुने

**दोलखा समाचारदाता**
*दोलखा, मङ्सिर २७ गते*

निर्वाचित जनप्रतिनिधिको झन्डै दुई कार्यकाल सकिन आँट्दा दोलखाको तामाकोशी गाउँपालिकको पालिका भवन निर्माण हुने भएको छ ।

जग्गा अभाव र केन्द्र तोक्न नसक्दा ढिला हुँदै गएको अवस्थामा जग्गा दान दिने पालिकावासी निस्केपछि भवन निर्माण हुने देखिएको हो । लामो समयको विवादपछि सर्वसम्मतिले वडा नं. ३ को मानेडाँडा केन्द्र तोकिएको हो ।

केन्द्र तोकिएपछि १५ जनाले करिब ३० रोपनी जग्गा दिने प्रतिबद्धतासहित निवेदन दिएका वडा नम्बर ३ का वडाध्यक्ष रामप्रसाद काफ्लेले जानकारी दिनुभयो । उहाँका अनुसार जग्गादान दिनेमा पर्शुराम खत्रीले सात रोपनी, घनश्याम दाहालले सात रोपनी र कमलराज पोखरेलले चार रोपनी जग्गा उपलब्ध गराउनुहुने भएको छ । यसै गरी जग्गा दिनेमा राजन पोखरेल, आनन्द पोखरेल, थिलहरि पोखरेल, लीलामाया पोखरेल, विमला पोखरेल, मनमाया पोखरेल, चिनीदेवी पोखरेल, पर्शुराम पोखरेल, बालकुमारी पोखरेल, इन्दिरा पोखरेल, सानो पोखरेल र कुन्डल पोखरेल हुनुहुन्छ ।

वचनबद्ध गरिएको जग्गा प्राप्तिका लागि जिल्ला प्रशासन कार्यालयमा विवरण पेस गरिएको छ । जिल्लाबाट प्राप्त भएपछि दाताले जग्गा पारित गरिदिने सहमति भइसकेको छ । पारित भएपछि भवनको डिपिआर तयार पार्ने योजना रहेको वडाध्यक्ष काफ्लेले बताउनुभयो ।

# आयुर्वेद चिकित्सालय भवन निर्माणाधीन

**हेटौँडा समाचारदाता**
*हेटौँडा, मङ्सिर २७ गते*

आयुर्वेद तथा वैकल्पिक चिकित्सालय मकवानपुरको १६ शय्याको भवन निर्माणाधीन रहेको छ । बागमती प्रदेश सरकारको छ करोड ५१ लाख ८१ हजार रुपियाँको बजेटमा हेटौँडा–२ मा निर्माणाधीन भवन अन्तिम चरणमा पुगेको हो ।

उक्त भवन आगामी फागुन ३० गते निर्माण सम्पन्न गर्ने सम्झौता भएकोमा ७० प्रतिशतभन्दा बढी काम सकिएको आयुर्वेद तथा वैकल्पिक चिकित्सालय मकवानपुरका आयुर्वेद चिकित्सक डा. ललिता पाण्डेले जानकारी दिनुभयो । चिकित्सालयको भवन निर्माणाधीन रहेकाले कार्यालय सञ्चालनका लागि भाडाबापत मासिक एक लाख रुपियाँ खर्च हुने गरेको छ ।

हाल १४ जना जनशक्ति रहेको चिकित्सालयमा भवन निर्माण भएपश्चात् पूर्ण रूपमा सेवा दिन थप १० जना जनशक्तिको आवश्यक हुने कार्यालय प्रमुख पाण्डेको भनाइ छ । आफ्नै भवनमा सरेपछि बिरामीलाई भर्ना गरेर उपचार गर्न, पञ्चकर्म सेवा र योग सेवा सञ्चालन गर्न सहज हुने उहाँले बताउनुभयो ।

प्रदेश सरकारले आयुर्वेद तथा वैकल्पिक चिकित्सालय विस्तार गरी चितवन र नुवाकोटमा २५ शय्याको र मकवानपुरसहित बाँकी जिल्लामा १६ शय्याको वैकल्पिक चिकित्सालय स्तरोन्नति गर्न यसअघि बजेट व्यवस्थापन गरेको थियो ।



तस्विर : अनिल पराजुली

**हेटौँडा–२ मा निर्माणाधीन आयुर्वेद तथा वैकल्पिक चिकित्सालयको भवन ।**

## बिउ व्यवसायी सङ्घमा प्रधान

**मकवानपुर समाचारदाता**
*हेटौँडा, मङ्सिर २७ गते*

नेपाल बिउ व्यवसायी सङ्घ जिल्ला समन्वय समिति मकवानपुरको १० औँ वार्षिक साधारण सभा तथा पाँचौँ अधिवेशन नयाँ नेतृत्व चयन गर्दै सम्पन्न भएको छ । सङ्घको हेटौँडामा भएको अधिवेशनबाट अध्यक्षमा कृष्णकाजी प्रधान निर्विरोध निर्वाचित हुनुभएको हो । समितिको उपाध्यक्षमा नीराजन बर्तौला, सचिवमा फेन्चु लामा, सहसचिवमा सुजन अधिकारी, कोषाध्यक्षमा नेत्र केसी तथा सदस्यमा गौतम प्रधान, डेन्डिजन लामा, सुजल श्रेष्ठ, अविनाश दाहाल र श्रीमती अनिता अधिकारी निर्वाचित हुनुभएको सङ्घले जनाएको छ ।

यसअघि सङ्घ मकवानपुरका सचिव फेन्चु लामाले सचिवको वार्षिक प्रतिवेदन र कोषाध्यक्षको आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको अधिवेशनमा नेपाल बिउ व्यवसायी सङ्घका केन्द्रीय महासचिव विश्वराज बानियाँले गुणस्तरीय बिउ बिक्री गर्न जोड दिनुभएको थियो । बिउ व्यवसायी सङ्घ मकवानपुरका अध्यक्ष रमेश अर्यालको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेशका प्रथम उपाध्यक्ष हरिशरण अर्याल, सङ्घका नवनिर्वाचित अध्यक्ष कृष्णकाजी प्रधान, डेन्डिजन लामा, केशव दुलाललगायतले बोल्नुभएको थियो ।

# सेनेटरी प्याडबारे अध्यक्षसँग छात्राको प्रश्न

**सुर्खेत समाचारदाता**
*सुर्खेत, मङ्सिर २७ गते*

सुर्खेतको चिङ्गाड गाउँपालिका–४ को मालिका माविमा कक्षा ९ मा अध्ययनरत छात्रा विमला शर्माले पालिका अध्यक्षसँगै हाकाहाकी छात्रालाई सेनेटरी प्याड खै ? भनेर प्रश्न गर्नुभएको छ ।

आफू पढ्ने विद्यालयमा सेनेटरी प्याड नभएको भन्दै उहाँले पालिका अध्यक्षलाई सोध्नुभयो, "हामी विद्यालयमा पढ्ने छात्राका लागि सेनेटरी प्याड खै ?" किशोरावस्थाका छात्राबाट एक्कासि महिनावारी र सरसफाइसँग सम्बन्धित प्रश्न सोधिएपछि गाउँपालिका अध्यक्ष बोधविक्रम जिसी पनि एकछिन अक्क न बक्क हुनुभयो । "एकातिर सेनेटरी प्याड खरिदका लागि छुट्याइएको बजेट फ्रिज हुने अवस्था छ भने अर्कोतिर हामी छात्राले पर्याप्त रूपमा पाउन सकेका छैनौँ," छात्रा शर्माले भन्नुभयो, "यसमा पालिकाले बेवास्ता गरेको हो वा विद्यालय प्रशासनको लापर्बाही ?"

यस्तै सोही विद्यालयमा कक्षा १० मा अध्ययनरत छात्र हरिबहादुर चन्दले पनि छात्रामैत्री शौचालय नभएकोतर्फ अध्यक्षको ध्यानाकर्षण गराउनुभयो भने कक्षा ९ की छात्रा मनीषा जिसीले सहरीय सुविधासम्पन्न विद्यालयमा पढ्ने विद्यार्थीसँग प्रतिस्पर्धा गर्नुपर्ने भए पनि आफूहरू शैक्षिक गुणस्तर र भौतिक पूर्वाधारको अभावबाट गुज्रिनु परिरहेको गुनासो गर्नुभयो ।

गत शुक्रबार सुर्खेत उद्योग वाणिज्य सङ्घ अन्तर्गतको अमेरिकन कर्नरको आयोजनामा भएको कार्यक्रममा चिङ्गाड गाउँपालिका–३, मटेलाको ठाँटी बजारमा भएको युवासँग जनप्रतिनिधि कार्यक्रममा स्कुले विद्यार्थीले गाउँपालिका अध्यक्षलाई लगातार प्रश्न सोधेका थिए । प्रश्नको जवाफ दिने क्रममा पालिका अध्यक्ष जिसीले पालिकास्तरबाट महिनावारीसँग सरसफाइका लागि सेनेटरी प्याडको पर्याप्त व्यवस्था भएको दाबी गर्नुभयो । उहाँले छात्राका लागि विद्यालयलाई पर्याप्त मात्रामा प्याड दिइएको तर विद्यालय प्रशासनले वितरणमा कमीकमजोरी गरेको हुनसक्ने जनाउनुभयो ।

कुनै समय महिनावारीका विषयमा बोल्न पनि धक मान्ने र सेनेटरी प्याड माग्न पनि लजाउने किशोरीहरू आफ्नो मासिक स्वास्थ्य र सरसफाइप्रति निकै सचेत भइसकेको बताउँदै उहाँले छात्राका



लागि सेनेटरी प्याडको कमी हुन नदिने र त्यसको व्यवस्थापनका लागि छात्रामैत्री शौचालयका लागि पनि आफू संवेदनशील रहेको उल्लेख गर्नुभयो ।

अध्यक्ष जिसीले विकास निर्माण, प्रशासनिक र बजेटका विषयमा बढी कुरा सोधिएला भनेर आफूले तयारी गरेर आएको बताउँदै त्योभन्दा पनि बढी संवेदनशील प्रश्नहरू सोधिएकाप्रति विद्यार्थीलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

अर्की छात्रा सुशीला घर्तीले बालविवाह नियन्त्रण गर्न पालिका असफल भएको भन्दै आलोचना गरेपछि अध्यक्ष जिसीले सामाजिक कुरीति र गलत मान्यताका कारण आफूले चाहेर पनि अपेक्षा अनुसार परिणाम दिन नसकेको स्वीकार गर्नुभयो । स्थानीय सरकारलाई जिम्मेवार, जवाफदेही र पारदर्शी बनाई लोकतन्त्रलाई सुदृढ बनाउनका लागि युवापुस्तामा प्रश्न सोध्ने बानी र क्षमताको विकास गर्ने उद्देश्यले अमेरिकन कर्नरले आउटरिच कार्यक्रम अन्तर्गत जिल्लाका विभिन्न स्थानमा युवासँग जनप्रतिनिधि कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । यसै क्रममा चिङ्गाड पालिकामा पहिलो पटक भएको कार्यक्रममा कृषि उत्पादनको बजारीकरण र स्थानीयस्तरमा रोजगारीको अवसर नहुँदा आफूहरू बिदेसिनुपर्ने हो कि भन्ने भविष्यको चिन्ताले पिरोलिरहेको युवाले उल्लेख गरेका छन् ।

अध्यक्ष जिसीले पालिकाले प्रकाशन र कार्यान्वयन गर्ने तयारीमा रहेको स्थानीय पाठ्यक्रममा पूर्वव्यावसायिक ज्ञान र सामाजिक कुरीतिविरुद्ध शिक्षित बनाउने गरी नैतिक शिक्षा सम्बन्धित सामग्री समेटिएको पाठ्यक्रम बनाइने प्रतिबद्धता पनि जनाउनुभयो । उहाँले शिक्षाको विकासबिना अरू विकास दिगो र प्रभावकारी नहुने भन्ने बुझेर नै आफूले पदभार ग्रहण गर्दा पहिलो निर्णय नै आफ्नो पालिकाभित्रका ४१ विद्यालयको भौतिक पूर्वाधार तथा तीन हजार नौ सय विद्यार्थीका लागि शैक्षिक गुणस्तर सुधारलाई पहिलो प्राथमिकतामा राखेर नै निर्णय गरी कार्यारम्भ गरेको जानकारी दिनुभयो ।

पृष्ठ १२ को बाँकी

पर्ने छैन । साथै, राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तीमा ३ वटा अनुसन्धानात्मक कृति प्रकाशन गरेको हुनुपर्नेछ ।

थ. **वरिष्ठ प्राविधिक अधिकृत (Food Technology) (अधिकृत स्तर द्वितीय श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Food Technology वा सो सरह विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरी कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको अधिकृत स्तरको पदमा कम्तीमा ५ (पाँच) वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ । तर विद्यावारिधि उपाधि हासिल गरेका उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि बाधा पर्नेछैन । साथै, राष्ट्रिय/अन्तर्राष्ट्रिय जर्नलमा कम्तीमा ३ वटा अनुसन्धानात्मक कृति प्रकाशन गरेको हुनुपर्नेछ ।

द. **वरिष्ठ प्रवर्द्धन अधिकृत (अधिकृत स्तर द्वितीय श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट आमसञ्चार वा विज्ञान विषयमा स्नातकोत्तर वा सो सरह उपाधि प्राप्त गरी कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय सङ्घसंस्थाको अधिकृत स्तरको पदमा कम्तीमा ५ (पाँच) वर्षको अनुभव प्राप्त गरेको हुनुपर्नेछ । तर विद्यावारिधि उपाधि हासिल गरेका उम्मेदवारको हकमा सो अनुभवमा दुई वर्ष कम भए पनि बाधा पर्नेछैन ।

ध. **वैज्ञानिक अधिकृत (Chemistry/Analytical Chemistry) (अधिकृत स्तर तृतीय श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Chemistry वा Analytical Chemistry वा सो सरह विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको ।

न. **वैज्ञानिक अधिकृत (Biotechnology/Biochemistry/Microbiology) (अधिकृत स्तर तृतीय श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Biotechnology वा Biochemistry वा Microbiology वा सो सरह विषयमा स्नातकोत्तर उपाधि प्राप्त गरेको ।

प. **प्राविधिक अधिकृत (Biomedical Engineering) (अधिकृत स्तर तृतीय श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Biomedical Engineering विषयमा स्नातक उपाधि प्राप्त गरेको ।

फ. **प्राविधिक अधिकृत (Automobile Engineering) (अधिकृत स्तर तृतीय श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट Automobile Engineering विषयमा स्नातक उपाधि प्राप्त गरेको ।

ब. **प्रशासकीय अधिकृत (अधिकृत स्तर तृतीय श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरहको उपाधि प्राप्त गरेको ।

भ. **लेखा अधिकृत (अधिकृत स्तर तृतीय श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य वा व्यवस्थापन विषयमा स्नातक वा सो सरहको उपाधि प्राप्त गरेको ।

म. **मुख्य प्रयोगशाला सहायक (Chemistry) (सहायक स्तर प्रथम श्रेणी) पदको खुला तर्फका लागि** : रसायन शास्त्र विषय लिई विज्ञानमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको उपाधि प्राप्त गरेको ।

य. **मुख्य प्राविधिक सहायक (Mechanical Engineering) (सहायक स्तर प्रथम श्रेणी) पदको खुला तर्फका लागि** : मेकानिकल विषय लिई इन्जिनियरिङमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको उपाधि प्राप्त गरेको ।

र. **मुख्य प्राविधिक सहायक (Electrical/Electronics) (सहायक स्तर प्रथम श्रेणी) पदको खुला तर्फका लागि** : इलेक्ट्रिकल वा इलेक्ट्रोनिक्स विषय लिई इन्जिनियरिङमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको उपाधि प्राप्त गरेको ।

ल. **मुख्य प्रशासकीय सहायक (सहायक स्तर प्रथम श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरहको उपाधि प्राप्त गरेको ।

व. **मुख्य लेखा सहायक (सहायक स्तर प्रथम श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य शास्त्र वा व्यवस्थापन विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको उपाधि प्राप्त गरेको ।

श. **वरिष्ठ प्रयोगशाला सहायक (सहायक स्तर द्वितीय श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट एसइई वा सो सरहको उपाधि प्राप्त गरेको ।

ष. **वरिष्ठ प्रशासकीय सहायक (सहायक स्तर द्वितीय श्रेणी) पदको खुला तर्फका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट एसइई वा सो सरहको उपाधि प्राप्त गरेको ।

**१०. खुलातर्फ दरखास्त दिन चाहने उम्मेदवारहरूका लागि आवश्यक अनुभव :**

(क) देहाय बमोजिमको निकायमा रही अधिकृत स्तरमा काम गरेको अनुभव सम्बन्धमा त्यस्तो पदको नियुक्ति पत्र वा करारनामा र सेवा अवधि प्रमाणित गरिएको सम्बन्धित निकायको पत्र :
(१) निजामती तथा अन्य सरकारी निकाय
(२) नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित सङ्गठित संस्था
(३) विकास समिति ऐन २०१३ बमोजिम गठित विकास समिति
(४) ऐनद्वारा स्थापित संस्था वा निकाय
(५) संयुक्त राष्ट्रसङ्घ, यसका अङ्ग तथा विशिष्टिकृत निकाय
(६) अन्तरसरकारी अन्तर्राष्ट्रिय सङ्गठनहरू
(७) विश्वविद्यालयको आङ्गिक क्याम्पस
(८) सामुदायिक विद्यालय वा क्याम्पस

(ख) खण्ड (क) मा उल्लेख भए बाहेक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था लगायतका अन्य निकायको अनुभव पेस गरेकामा नियुक्ति पत्र वा करारनामा र सेवा प्रमाणित गरिएको सम्बन्धित निकायको पत्रको अतिरिक्त त्यस्तो निकायमा अधिकृत स्तरका कर्मचारी भर्नाको प्रक्रिया, योग्यता, सङ्गठन, संरचना लगायत कर्मचारीको सेवाका सर्त समेतका विषय समावेश गरिएको नियम वा विनियम वा निर्देशिका वा कार्यविधिमा भएको व्यवस्था बमोजिम अधिकृत स्तरमा भर्ना भएको यकिन हुने अनुभवलाई मात्र मान्यता दिइनेछ ।

(ग) सरकारी कर्मचारीले अन्य सङ्गठित संस्थामा काम गरेको अनुभव पेस गरेमा नेपाल सरकारको पूर्व स्वीकृतिको पत्र तथा सो अवधिको बिदा स्वीकृतिको पत्र भएमा मात्र त्यस्तो अनुभवलाई मान्यता दिइनेछ ।

(घ) एउटै अवधिमा दुई वा सोभन्दा बढी निकायमा काम गरेको भएमा पूरा समय काम गरेको कुनै एकको अनुभव मात्र गणना गरिनेछ ।

(ङ) नियुक्ति पत्र वा करारनामामा नै आंशिक रूपमा काम गर्ने उल्लेख भएकामा सो अनुभवलाई मान्यता दिइनेछैन ।

(च) एक वर्षभन्दा कम अवधिको अस्थायी वा करार सेवाको अनुभवलाई गणना गरिनेछैन ।

(छ) सहायक स्तरमा पदाधिकार रही अधिकृत स्तरमा कायम मुकायम वा निमित्त भई सेवा गरेको अनुभवलाई मान्यता दिइनेछैन ।

(ज) अधिकृत स्तर प्रथम तथा द्वितीय श्रेणी वा सो सरहको जुन सेवा समूहको पदमा आवेदन गर्ने हो सो सेवा, समूहको अधिकृत स्तर तृतीय श्रेणी वा सो सरहको पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता हासिल गरे पछिको अधिकृत स्तरको अनुभवलाई मात्र मान्यता प्रदान गरिनेछ ।

(झ) नियुक्ति पत्र वा करारनामामा उल्लिखित पदनामबाट अधिकृत स्तर नखुलेकामा सम्बन्धित निकायले सो पद अधिकृत स्तरको भनी प्रमाणित गरेको पत्र पेस गर्नुपर्नेछ ।

(ञ) माथि उल्लिखित प्रमाण खुल्ने कागजातहरू दरखास्त दिने समयमा नै उम्मेदवारसँग रहेको नभएमा जुनसुकै समय दरखास्त रद्द हुनेछ ।

**११. समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरूका लागि आवश्यक पर्ने थप कागजातहरू :**

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सो ऐनको सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्तसाथ पेस गर्नुपर्नेछ ।

(ख) मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशित गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गराई दरखास्तसाथ पेस गर्नुपर्नेछ ।

(ग) समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचय पत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचय पत्र ।

**१२. विविध :**

१. अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरूको हकमा सम्बन्धित पदका लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मिति सम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनुपर्नेछ ।

२. दरखास्त दिने दोब्बर दस्तुरको म्यादलाई उमेर शैक्षिक योग्यता अनुभव अवधि र अन्य योग्यताको प्रयोजनका लागि गणना गरिनेछैन ।

३. सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा सुरु हुनुभन्दा कम्तीमा १० (दश) दिन अगावै लोक सेवा आयोग/प्रज्ञा–प्रतिष्ठान सेवा आयोगको सम्बन्धित कार्यालयमा निवेदन दिनुपर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुनेछैन ।

४. लखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनुभन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कलप्रति तथा खुलातर्फ दरखास्त दिने उम्मेदवारका लागि पेस गर्नुपर्ने भनी उल्लेख गरिएको काजगातहरूको सक्कलका साथै नक्कल प्रतिलिपि अनिवार्य रूपमा पेस गर्नुपर्नेछ ।

५. परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

६. परीक्षा प्रयोजनका लागि लोक सेवा आयोगबाट तोकिएका सर्त र निर्देशनको उम्मेदवारले पालना गर्नुपर्नेछ ।

७. पाठ्यक्रममा उल्लिखित परीक्षा योजनाको विषयमा उम्मेदवार स्वयं जानकार हुनुपर्नेछ ।

८. उम्मेदवारको आवेदन स्वीकृत/अस्वीकृत गर्ने अधिकार प्रज्ञा–प्रतिष्ठान सेवा आयोगमा निहित रहनेछ । रीत नपुगेका वा झुटा विवरण पेस गरी परीक्षामा सामेल भएका उम्मेदवारको दरखास्त जुनसुकै बेलामा पनि प्रज्ञा–प्रतिष्ठान सेवा आयोगले रद्द गर्न सक्नेछ ।

९. विज्ञान तथा प्रविधि सेवातर्फ अधिकृत स्तर प्रथम श्रेणी र द्वितीय श्रेणीको खुला तथा आन्तरिक प्रतियोगितामा सहभागी हुने उम्मेदवारहरूले अनुसन्धान तथा कृति मूल्याङ्कनका लागि आवेदन फारामसाथ तोकिएका अनुसन्धान तथा कृतिहरू पेस गर्नुपर्नेछ । पेस गरिएका कृतिहरू एकतर्फ मात्र फोटोकपी गरिएको हुनुपर्नेछ र उक्त कृतिहरूमा उम्मेदवारको दस्तखत र कुनै पनि साङ्केतिक चिह्नहरू हुनुहुँदैन । साथै, अनुसन्धान कृति तथा मूल्याङ्कन गर्दा **कर्मचारीको कार्य क्षमताको मूल्याङ्कन र खुला प्रतियोगिताको अङ्कको आधार र मापदण्ड सम्बन्धी कार्यविधि, २०८०** बमोजिम हुनेछ ।

१०. विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गरिएको प्रमाणपत्र संलग्न गरेको हुनुपर्नेछ । विदेशी शैक्षिक संस्थाबाट हासिल गरेको शैक्षिक योग्यताको प्रमाणपत्र विज्ञापित उपसमूहसँग मेल नखाएको उपाधिको हकमा सम्बन्धित समूह/उपसमूह सम्बद्ध हो भनी त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र संलग्न गरेको हुनुपर्नेछ ।

११. उम्मेदवारले एसएलसी वा सो सरहदेखि हालसम्म प्राप्त गरेका शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरू दरखास्त फारामका साथ पेस गर्नुपर्नेछ ।

१२. व्यावसायिक परिषद्मा दर्ता हुनुपर्ने पदमा आवेदन गर्ने उम्मेदवारहरूको हकमा सम्बन्धित व्यावसायिक परिषद्मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि र नवीकरण गर्नुपर्नेको हकमा नवीकरण भएको प्रमाणप्रत्रको प्रतिलिपि दरखास्तसाथ पेस गर्नुपर्नेछ ।

१३. आन्तरिक प्रतियोगिताद्वारा पदपूर्ति गरिने पदको दरखास्त फाराम भर्नका लागि नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठान कर्मचारी प्रशासन नियमावली, २०६४ (संशोधन सहित) को नियम ३२ (४) र नियम ४१ बमोजिम योग्य भएको हुनुपर्नेछ ।

१४. नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठान, सेवा आयोगको सूचनामा उल्लिखित म्यादभित्र दाखिला नभएका वा न्यूनतम शैक्षिक योग्यता नपुगेका वा तोकिएका अन्य विवरण नखुलेका वा तोकिएको दस्तुर नबुझाएका वा रीतपूर्वक पेस नभएका दरखास्त फारामहरू स्वीकृत गरिनेछैन ।

१५. सबै चरणको परीक्षा पश्चात् प्राप्त हुन आएका योग्यता क्रम अनुसार माग भएका पद सङ्ख्यामा नियुक्तिका लागि सिफारिस गरिनेछ ।

१६. अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ताको मिति लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।

१७. विज्ञापनसँग सम्बन्धित थप जानकारीका लागि नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठान, सेवा आयोगको कार्यालय खुमलटार, ललितपुरको फोन नम्बर **०१–५२५३५६५** मा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

**नोट : यो सूचनामा उल्लेख नभएका वा फरक परेका विषयमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा–प्रतिष्ठानको कर्मचारी प्रशासन नियमावली, २०६४ (संशोधन सहित) र प्रचलित कानुन बमोजिम हुनेछ ।**

**सदस्य–सचिव**
**प्रज्ञा–प्रतिष्ठान सेवा आयोग**